देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवचुली, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

## देवचुली नगरपालिकाको दोश्रो सभाको दोश्रो अधिबेशनमा प्रस्तुत प्रस्ताव र निर्णयहरु /सभा मिति २०७९ पौष २५ गते

१। चालु बर्षको वजेट संसोधन सम्बन्धमा,
२। वडा कार्यालयहरुबाट प्राप्त योजना संसोधन सम्बन्धमा,
३। ऐन कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ,

- आर्थिक ऐन संसोधन सम्बन्धमा,
- स्थानीय बन ऐन,२०७९ सम्बन्धमा,
- शिक्षा ऐन, २०७६ मा संसोधन सम्वन्धमा,

४। विविध : नीतिगत निर्णय गर्नुपर्ने विषय

- कार्यसम्पादनमा आधारित कर्मचारी पुरस्कार व्यवस्था,
- उत्कृष्ट करदाता, उपभोक्ता समिति, नगरपालिकालाई जग्गा दान गर्ने जग्गा दातालाई सम्मान गर्ने
- सिभिल इन्जिनियर पद सिर्जना गर्ने सम्बन्धमा,
- पर्यटन समिति गठन गर्ने सम्वन्धमा,
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने नीति लिने सम्वन्धमा,
- बहुबर्षिय योजनामा समावेश गर्न अनुरोध गर्ने (घुमाउरे पोखरी, शनिश्चरे ताल र बोटानिकल गार्डेन (
- ४८ घंटा अवधिको आधारभुत तालिम प्राप्त सामुदायिक मेलमिलापकर्तालाई सुचिकृत गर्ने,
- आर्थिक बर्ष २०७९/०८० को श्रावण देखि हालसम्म कार्यपालिका बैठकबाट भएका निर्णय, कार्यपालिका बैठकबाट स्वीकृत भएका कार्यविधि, मादपण्डहरुलाई अनुमोदन गर्ने,

देवचुली नगर कार्यपालिका बैठकबाट नगरसभामा पशे गर्ने भनी प्रस्ताव भएका देहायका प्रस्तावहरु नगरसभाको बैठकवाट सर्बसम्मत रुपमा निर्णय गरियो ।

१। चालु आर्थिक बर्ष २०७९/८० को श्रावण देखि २०७९ मंसीर ५ गते सम्म भएको देहायको भौतिक तथा वित्तीय प्रगति, आय, व्ययलाई नगरसभाबाट स्वीकृत गरियो ।

चालु आर्थिक वर्षको लागि विनियोजन ऐन बाट कूल ७४ करोड १३ लाख ४८ हजारको वार्षिक बजेट तथा कार्यक्रम पेश भएकोमा हाल सम्म नगरपालिकाको समग्र वित्तिय प्रगति १७.७७ प्रतिशत रहेको छ। चालु खर्च तर्फ २४.४४ प्रतिशत रहेको छ भने पूँजिगत खर्च तर्फ ११.०९ प्रतिशत प्रगति रहेको छ।
शाखागत रुपमा सामाजिक विकास शाखाको ७.६५ प्रतिशत प्रगति रहेको छ। सूचना प्रविधि शाखाको १६ प्रतिशत रहेको छ। शिक्षा शाखाको २८.७५ प्रतिशत रहेको छ। स्वास्थ्य शाखाको २९.९६ प्रतिशत, कृषि शाखाको २१.२

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

प्रतिशत, पशु विकास शाखाको ८.७८ प्रतिशत, आर्थिक विकास शाखाको १८.२१ प्रतिशत आयुर्वेद शाखाको ३४ प्रतिशत रहेको छ।

नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को वडा स्तरीय ३९१ , नगरस्तरीय २७३ शशर्त तर्फ १३९ गरी कुल ८०३ योजना रहेको थिए। योजना शाखा बाट नगरस्तरीय र वडागत गरी जम्मा ३४ वटा योजना सम्पन्न गरी अन्तिम भुक्तानी भएको छ । न्यायिक समितिमा चालु आर्थिक वर्षमा १७ वटा नँया निवेदन दर्ता भएकोमा ६ वटा निवेदनको अन्तिम निरुपण भएको छ भने ११ वटा निवेदन दर्ता भई छलफलकै क्रममा रहेको छन। गत आर्थिक वर्षका कुल २९ निवेदनको अन्तिम निरुपण बाकी भई यस आर्थिक वर्षमा हस्तान्तरण भई आएकोमा १३ वटा निवेदनको फैसला भई निरुपण भएको छ भने १६ वटा निवेदन छलफलकै क्रममा रहेका छन।

त्यस्तै नगरपालिकाले विनियोजन ऐन बमोजिम पेश गरेको वार्षिक बजेट तथा कार्यक्रमका लागि वित्तिय समानिकरण अनुदान, शर्तत अनुदान, समपुरक अनुदान, विशेष अनुदान , राजश्व बाडफाँडको रकम र आन्तरिक आय तथा नगद बैंक मौज्जात सहित स्रोतको सुनिश्चितता गरिएको थियो। जसमा संघिय सरकार वित्तिय समानिकरण अनुदानमा रु १५ करोड ३१ लाख रुपैया स्रोत अनुमन गरेकोमा हाल सम्म ३ करोड ८२ लाख ७५ हजार मात्र प्राप्त भएको छ। संघीय सरकारको शर्तत अनुदानमा रु २७ करोड ३९ लाख स्रोत अनुमान गरेकोमा हाल सम्म ९ करोड ९० हजार प्राप्त भएको छ। संघीय सरकारकै राजश्व वाडँफाड बाट ११ करोड ३ लाख ७२ हजार स्रोत अनुमान गरेकोमा हाल सम्म रु १ करोड ९२ लाख ७० हजार १ सय १७ प्राप्त भएको छ। प्रदेश सरकार वित्तिय समानिकरण अनुदानमा रु १करोड ८२ लाख ९४ हजार स्रोत अनुमन गरेकोमा हाल सम्म ९१ लाख ४७ हजार मात्र प्राप्त भएको छ। प्रदेश सरकारक राजश्व वाडँफाड बाट १ करोड २० लाख ७३ हजार स्रोत अनुमान गरेकोमा हाल सम्म रु ३५ लाख ०५ हजार ७ सय १४ प्राप्त भएको छ। त्यस्तै आन्तरिक आय रु ३ करोड स्रोत अनुमान गरेकोमा हात सम्म २ करोड ८१ हजार ९ सय ८५ रुपैया संकलन भएको छ।

चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमबाट नगरभित्रका गरिव तथा विपन्न वर्गका नगरबासिलाई स्वास्थ्य विमा कार्यक्रम मार्फत स्वास्थ्य उपचारको व्ययस्था मिलाईएको छ । देवचुली नगरपालिका र चाईंना इस्टेट कन्सलटेन्सी इन्जिनियरिङको सहकार्यमा नगरवासीलाई निशुल्क ३ वृहत स्वास्थय शिविर संचालन गरिएको छ । मुख्यमन्त्री नवप्रवर्धन साझेदारी कार्यक्रमबाट नगरपालिका भित्रका कृषकहरुलाई घाँस तथा दानामा आत्मनिर्भर बनाउने उदेश्यका साथ साईलेज उत्पादन उद्योग स्थापनका लागि सम्झौता गरि आश्यक कामकाजका लागि ठेक्का प्रकिया अगाडी बढाईएको छ। नगरलाई कृषिमा आत्मनिर्भर वनाउन नगर प्रमुखको संयोजकत्वमा नगर कृषि समिति गठन गरी नगरको वृहत कृषि गुरुयोजना बनाउने कार्यको थालनी गरिएको छ । नगरभित्रका सफल कृषिकहरुलाई अध्यन अवलोकन भ्रमण गराईएको छ । नगरभित्रका रहेका विपन्न परिवारको लागि १९ वटा घर निर्माणको लागि बोलपत्र आवह्वान गरी निर्माण प्रक्रिया अगाडी वढाईएको छ। चालु आर्थिक वर्षमा नगरभित्रका विभिन्न ३ स्थानमा झुलुङ्गे पुल निर्माणको ठेक्का प्रक्रिया अगाडी बढाईएको छ। देवचुली नगर अस्पतालको हाल सम्मको भैतिक निर्माण कार्य करिब ३० प्रतिशत सम्पन्न भएको छ र उक्त कार्यलाई प्रथामिकताका साथ अगाडी बढाईएको छ। नगरबाट अपाङ असाहय नागरिकहरुलाई



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

ह्विल चेयर, वेशाखी र कृत्रिमा खुट्टा जस्ता ७ थान साहयता सामाग्री वितरण गरिएको छ। आयुर्वेद शाखा बाट नगरका ६, १३, १४, १७ नं लगायतका वडाहरुमा जेष्ठ नागरिक स्वास्थ्य प्रर्वद्धन कार्यक्रम संचालन गरि करिव ८०० जना नगरबासी लाभान्वित भएका छन। नगरभित्र रहेका विद्यार्थिहरु बिचको ज्ञान तथा सिप आदान प्रदान गरी बैद्दिक तथा रचनात्मक क्षमता पहिचान गर्न १ दिने विज्ञान प्रदर्शनी मेला आयोजना गरिएको छ। १० वर्षे नगर शिक्षा योजना निर्मणको लागि आवश्यक तथ्याङकहरु संकलन गरी विश्लेष्ण गर्ने कार्य अगाडी बढाईएको छ। नगरभित्रका अन्तरविद्यालय अतिरिक्त क्रियाकलापमा स्मरण खेल, कविता र हाजिर जवाफ प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको छ। उद्योग वाणिज्य संघ र नगरपालिकाको समन्वयमा व्यवसाय दर्ता तथा नविकरण शिविर संचालन गरिएको छ।

भुमिहिन सुकुम्वासी, भुमिहिन दलित, अव्यवस्थित बसोबासीहरूकोको प्रविष्टी एक चरण पुरा गरी रूजु गर्ने कार्य भइ रहेको छ। केहि वडाहरू जस्मा ४,६,७,८,९,१०,११ र १४ को १५ दिने सूचना प्रकाशनको अन्तिम चरणमा रहेको छ। बालमैत्री नगरपालिकाको रूपमा नेपालमै छुट्टै चिनारी बनाउन सफल रहेको देवचुली नगरपालिकाको नगरस्तरीय बालसंञ्जाल गठन गरीएको छ। वडा बालसंञ्जालको पुर्नगठन र बालमैत्री पुर्नअवलोकन कार्यलाइ प्राथमिकता साथ अगाडि बढाइएको छ। सु–सशासन तथा सेवा प्रवाहलाइ पारदर्शि बनाइ राजश्व सुधारमा प्रविधिको प्रयोग गरी नविनतम कार्यको थालनी गरिएको छ।

चालु आर्थिक वर्षमा लैगिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति, जेष्ठ नागरिक स्वास्थय सेवा तथा परामर्श उपलब्ध गराउने सम्बन्धी कार्यविधि, साझेदारी कार्यक्रम संचालन कार्यविधि, घाँस खेती गर्ने कृषकलाई गोबर मलमा अनुदान वितरण कार्यविधि , संस्था दर्ता तथा नविकरण कार्यविधि र अटो रिक्सा संचालन कार्यविधि गरी ६ वटा नीति तथा कार्यविधि निर्माण भएको छ।

२। चालु आर्थिक बर्ष २०७९/८० को स्वीकृत बार्षिक बजेटमा देहाय बमोजिम परिमार्जन तथा योजना कार्यक्रम थप गरी स्वीकृत गरियो।

| सिन | बजेट कार्यक्रम शिर्षक | बार्षिक बजेटमा बिनियोजन भएको रकम | थप रकम (चालु आवमा अल्या भएको रकमबाट थप गरिएको) | घट रकम | थप घट पछिको कायम हुने रकम |
|---|---|---|---|---|---|
| १ | आर्थिक सहायता | ५०००० | ५०००० | ० | १००००० |
| २ | सवारि साधन तथा मेसिनरी औजार भाडा | ३०००० | ५०००० | ० | ८०००० |
| ३ | कार्यक्रम खर्च | १००००० | ५०००० | ० | १५०००० |
| ४ | इन्धन | १२०००० | ५०००० | ० | १७०००० |
| ५ | पदाधिकारि अन्य सुविधा | १५०००० | ३०००० | ० | ४५०००० |



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | मेयर विपद ब्यबस्थापन कार्यक्रम | २०००००० | १५००००० | ० | ३५००००० |
| ७ | सडक बति ब्यबस्थापन | ० | १०००००० | ० | १०००००० |
| ८ | टोल विकास संस्था परिचालन | ० | ७००००० | ० | ७००००० |
| ९ | कृषि बजार ब्यबस्थापन | ० | ५००००० | ० | ५००००० |
| १० | न्यायिक समिति इजलास, सेवा प्रवाह केन्द्र, अफिस परिसरमा मिनि पार्क निर्माण | ० | १०००००० | ० | १०००००० |
| ११ | भुउपयोग योजना निर्माण | ० | १०००००० | ० | १०००००० |
| १२ | सगठन तथा ब्यबस्थापन सर्वेक्षण | ० | ६००००० | ० | ६००००० |
| १३ | भेटेनरि वडा क्रलिनिक र भेटेनरि ल्याव | ० | १०००००० | ० | १०००००० |
| १४ | साना पुर्वाधार मर्मत सम्भार | १७००००० | २५००००० | ० | ४२००००० |
| १५ | मुख्यमन्त्री नवप्रवर्तन साझेदारि कार्यक्रममा समपुरक गर्न | ० | ६४००००० | ० | ६४००००० |
| १६ | सडक बोर्डमा समपुरक गर्न | ० | २०००००० | ० | २०००००० |
| १७ | नगर अस्पतालका लागि | ० | ७०००००० | ० | ७०००००० |
| १८ | विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि परामर्श सेवा खरिद (सडक, कृषि, पर्यटन, खेलकुद मैदान, बृतचित्र निर्माण लगायत) | ० | ३५००००० | ० | ३५००००० |
| १९ | जनप्रतिनिधिहरुको विमा | ० | १०००००० | ० | १०००००० |
| २० | जनपतिनिधिहरूका लागि अभिमुखिकरण तालिम | ० | ५००००० | ० | ५००००० |

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | वडालाइ थप १ देखि १५ सम्म लाइ ३५०००० र १६ र १७ लाइ ५००००० | ० | ६२५०००० | ० | ६२५०००० |
| २२ | न्यायिक समिति इजलास र मेलमिलाप समितिका लागि सामान खरिद | ० | ७००००० | ० | ७००००० |
| २३ | कुमारबर्ति स्कुल मर्मत सभार वडा न १३ | ० | ३००००० | ० | ३००००० |
| २४ | विपन्न महिला उपचार सहयोग (गर्भबती, सुत्केरी, पाठ्ठेघर रोग पिडित) | ० | ३००००० | ० | ३००००० |
| २५ | जातीय छुवाछुत र भेदभाव विरुद्धको कार्यक्रम | ० | २००००० | ० | २००००० |
| २६ | विपन्न नागरिक उपचार विमाका लागि थप | ७००००० | ३००००० | ० | १०००००० |
| २७ | महिला एव किशोरिका लागि लोक सेवा तयारी सम्बन्धि तालिम | ० | ५००००० | ० | ५००००० |
| २८ | जनज्योति बहुमुखि आदर्श क्याम्पसका लागि भवन निर्माण | ० | १०००००० | ० | १०००००० |
| २९ | नौमित पन्चेबाजा समुह वडा ११ | ० | ५०००० | ० | ५०००० |
| ३० | उच्च शिक्षा अध्ययनका लागि छात्रबृति | ० | १००००० | | |
| ३१ | विपद व्यबस्थापन कोष | १५०००००० | ४०००००० | ० | १९०००००० |
| ३२ | आलुको विउ वितरण पहिलो पुस्ता र दाश्रो पुस्ता | २५००००।- | 0 | २५००००।- | 0 |
| ३३ | गहुको विउ वितरण | ५००००।- | 0 | ५००००।- | 0 |
| ३४ | ७० प्रतिशत अनुदानमा कृषि सामग्री वितरण | 0 | ३०००००।० | ०।० | ३०००००।० |



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

३। चालु आर्थिक वर्ष २०७९/८० को स्वीकृत वडास्तरीय योजना तथा कार्यक्रममा सम्बन्धित वडाको सिफारिश बमोजिम देहाय बमोजिम परिमार्जन गरी स्वीकृत गरियो।

| आ.व. २०७९/८० मा विनियोजित शिर्षक/बजेट | | | परिवर्तन तथा रकमान्तर हुने शिर्षक योजना/बजेट | |
|---|---|---|---|---|
| वडा नं. | योजनाको नाम | बजेट | योजनाको नाम | बजेट |
| १ | नेपाल नमुना मा.वि. ट्रस | ५०००००।- | नेपाल नमुना मा.वि. ढलान | ५०००००।- |
| | १)सफारी मार्ग ओरालोमा बाटो स्तरउन्नती<br>२) दिव्यधाम प्रतिक्षालय निर्माण | २०००००।-<br>१०००००।- | बोटेटोल बाटो निर्माण स्तरउन्नती | ३०००००।- |
| | केशव कुमालको घर देखी बाटो स्तरउन्नती | १५००००।- | हेमलाल वि.क.को घरदेखी स्कुलको जग्गा जाने बाटो स्तरउन्नती मा थप | ३५००००।- |
| | दिव्यधाम ओरालो बाटो स्तरउन्नती | १५००००।- | दुर्गा थनेतको घरदेखी पश्चिम तर्फको बाटो स्तरउन्नती | १५००००।- |
| २ | दिव्यपुरी हाटबजार टहरा निर्माण | १०००००।० | बालबालिका इसीडि सामग्री खरिद | १०००००।० |
| | १)नारीकल्याण आमासमुह सामग्री खरीद<br>२)रामकृष्ण मन्दीर निर्माण<br>३)युवा तथा बालबालीका क्षमता विकास कार्यक्रम | २,५०,०००।-<br>२,००,०००।-<br>१,५०,०००।- | अधुरो कवर्डहल तथा शौचालय निर्माणमा थप | ६,००,०००।- |
| | विपद व्यवस्थापन | १,५०,०००।- | विजुलीपोल तथा विजुली बत्ति रिपेरीङ्ग टोलटोलमा थप | १५००००।- |
| ३ | १) कालोपत्रे तथा ढल निर्माण आवश्यकता अनुसार<br>२) वडा नं. ३ को मुल सडक मर्मत | १४०००००।-<br>१०,००,०००।- | वडा नं. ३ को मुल सडक मर्मत सम्भार | २४,००,०००।- |
| | १)सहकारी मार्ग कालो पत्रे<br>२)विपन्न घरपरिवारलाई पानीको मिटर जडान र पाईपलाईन विस्तार | ६०००००।-<br>१०००००।- | १)मोजाक टायल लगाउने<br>२)वडा भित्र सरसफाई कार्यक्रम | ६०००००।-<br>१०००००।- |
| ४ | खेल मैदान स्तरउन्नती | २०००००।- | खेलकुद विकासका लागि | २०००००।- |
| | वडा नं. ४ को विभिन्न ठाउमा ग्रावेल तथा स्तरउन्नती | २०००००।- | प्रविन डिसुवाको घर देखी उत्तर तर्फ जाने बाटोको स्तरउन्नती | २०००००।- |
| ५ | फरक क्षमता भएका बाल बालीकालाई सशक्तिकरण तालीम | ४००००।- | अपाङ्ग भएका व्यक्तिहरुलाई आयआर्जनका लागि व्यवशायीक सपोर्ट | ४००००।- |
| | महिला शिप तथा नेतृत्व विकास कार्यक्रम | ६००००।- | महिलाको पाठेघरको स्वास्थ्य परिक्षण कार्यक्रम | ६००००।- |
| | कला संस्कृति प्रवर्द्धन कार्यक्रम | १५००००।० | सकलादेवी मन्दिर भवन स्तरउन्नती | १५००००।० |
| ६ | अध्यक्ष भलिवल कप | १०००००।- | नवदुर्गा युवा क्लबको लागि आवश्यक सामग्री खरीद | १०००००।- |
| ८ | देवचुली मार्ग कालोपत्रे मखमली मार्ग कालोपत्रे | १०,००,०००।-<br>५,५०,०००।- | देवचुली मार्ग कालोपत्रे | १५,५०,०००।- |
| | युवा तथा खेलकुद सामग्री | २०००००।- | १)युवा तथा खेलकुद सामग्री<br>२)नेपाल जर्नी सार्वजनीक पुस्तकालय मर्मत तथा व्यवस्थापन | १०००००।-<br>१०००००।- |
| | वडा भित्रका विभिन्न बाटो ग्रावेल | ४०००००।- | सक्रिय टोलको बाटो नाला निर्माण | ४०००००।- |
| ९ | पिठाकोठ चोक देखी हवल्दार चोकसम्म बाटो स्तरउन्नती | १०,००,०००।- | बडका चोक देखी च्याङ्वा चोक सम्म बाटो स्तरउन्नती | १०,००,०००।- |



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | विशालटार विद्युत ट्रान्सफर्मर | १३००००।० | विशालटार चोक विद्युत ट्रान्सफर्मर ठाउसारी तथा वडामा विद्युतीकरण | १३००००।० |
| १० | १)धौलागिरी युवा क्लबको खेलमैदान हरीतगृह उद्यान निर्माण | १०००००।- | १) धौलागिरी प्रकृती युवा क्लबको खेल मैदान स्तरउन्नती | १०००००।- |
| | २) नव नेपाल आधारभुत विद्यालयमा शैक्षिक सामग्री वितरण | १५००००।- | २) नव नेपाल आधारभुत विद्यालयमा कक्षाकोठा व्यवस्थापन | १५००००।- |
| | ३) भगवती आमा समुहको भवनमा जिप्सन लगाउने, भाडाकुडा खरीद | १०००००।- | ३) भगवती आमा समुहको भवनमा जिप्सन लगाउने शौचालय मर्मत र कार्यालय व्यवस्थापन | १०००००।- |
| | ४) दुर्गा मन्दीर परिसरमा क्रियापुत्री भवन निर्माण | १५००००।- | क)वडा स्तरीय विविध खेलकुद प्रतियोगिता<br>ख)वडा नं. १० को विभिन्न स्थानमा ग्राबेल | ५००००।-<br>१०००००।- |
| ११ | नगरपालिका टोलमा घोलबाढी नियन्त्रण | १०००००।० | कल्भर्ट निर्माण, आदर्श मार्ग भित्र | १०००००।० |
| १२ | टोल नामाकरण बोर्ड | १००००० | प्रगतीटोल कालो पत्रे मा थप | १०००००।- |
| | नाग पोखरी पर्यटन प्रवर्द्धन | १०००००।- | मुक्तिक्षेत्र बाढी नियन्त्रण मा थप | १०००००।- |
| १३ | राधाकृष्ण मन्दीर अपुरो निर्माण | १०००००।- | राईनो भ्यु कवर्डहल स्तरउन्नती | १०००००।- |
| | दलदले न्युरोड सडक कालो पत्रे | ७०००००।- | वि.पि.मार्ग स्तरउन्नती | ७०००००।- |
| १४ | श्री कृष्ण गण्डकी नेवा: समाज टहरो प्लाष्टर | ५००००।- | श्री कृष्ण गण्डकी नेवा: समाज कार्यालय व्यवस्थापन | ५००००।- |
| | गण्डकी मार्ग स्तरउन्नती | १५००००।० | क) पशुपति मार्ग स्तरउन्नती<br>ख) जनज्योती डिप बोरिङ्ग, प्रगति टोल | १०००००।०<br>५००००।० |
| | डेरी मार्ग स्तरउन्नती | २५००००।० | दर्शन मार्ग स्तरउन्नती | २५००००।० |
| | वडा कार्यालय जाने बाटो कालोपत्रे | ७०००००।० | क) जनकल्याण मार्ग ग्राबेल रोलिङ्ग<br>ख)भेटघाट मार्ग स्तरउन्नती | ५०००००।०<br>२०००००।० |
| १५ | क्रियापुत्री भवन मर्मत नारायणीटोल र शिवालय टोल | १०००००।- | क्रियापुत्री भवन मर्मत नारायणी टोल | १०००००।- |
| | खानेपानी पाइपलाइन विस्तार कार्यक्रम | २०००००।० | क)खानेपानी पाइपलाइन विस्तार कार्यक्रम<br>ख)उज्यालो वडा कार्यक्रम | १०००००।०<br>१०००००।० |
| १६ | कृष्ण लिम्बुको घरदेखी पुर्व तर्फको ठाडो बाटो सम्म स्तरउन्नतीको बजेट | २,००,०००।- | सुमनको घर पछाडीबाट १४ नं. तर्फ जाने बाटो स्तरउन्नती मा थप गर्ने | २०००००।- |
| | पनीयो खोला टोल विकास संस्था भवन निर्माण | १०००००।- | पनीयो खोला गुठी देखी धुसेरी सामुदायीक वनको पर्खाल जोड्ने बाटोमा नाला निर्माण तथा ग्राबेलमा थप गर्ने | १०००००।- |
| | नया बजार बाट कालीका मन्दीर हुदै १७ नं. जोड्ने बाटो स्तरउन्नती | १०००००।- | नर बहादुर को घर देखी पश्चिम तर्फको बाटो स्तरउन्नती | १०००००।- |
| | कुमारबर्ती टोलको राधिका अधिकारीको घर अगाडीको बाटो स्तरउन्नती | २०००००।० | धुसेरी खेत सिंचाई कुलो मर्मत | २०००००।० |
| १७ | गुम्बा झराही खोला सामान खरीद | २०००००।- | साङ्छोई धार्गेलीङ गुम्बा मर्मत तथा व्यवस्थापन | २०००००।- |
| | पिप्रहर आमा समुहलाई सामान खरीद | ३०००००।- | पिप्रहर आमा समुहको भवन मर्मत तथा सामग्री खरीद | ३०००००।- |



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

४। आर्थिक कार्यविधि ऐन, २०७९ मा राजश्व परामर्श समितिको सिफारिशका आधारमा देहाय बमोजिम कवाडी करका दरहरु समावेश गरी ऐन परिमार्जन गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | प्रति गाडी रु. |
|---|---|---|
| १ | फलाम | ५०००।० |
| २ | तामा, पित्तल | ७०००।० |
| ३ | सिलट, जस्ता पाता | ३०००।० |
| ४ | प्लाष्टिकजन्य पदार्थ | २०००।० |
| ५ | कागज | २०००।० |
| ६ | मदिराको खाली बोतल | २०००।० |

५। देबचुली नगरपालिका भित्रका ठुला, मझौला तथा साना उद्योगहरुलाई स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम व्यवसाय कर लगाउने सम्बन्धमा सम्बन्धित उद्योगी व्यवसायिहरुसंग बार्तागरी करका दर प्रस्ताव गरी कर लगाउने विषयमा निस्कर्षमा पुग्न स्थानीय राजश्व परामर्श समितिलाई जिम्मेबारी दिने प्रस्तावलाई स्वीकृत गरियो ।

६। विधेयक समितिबाट सिफारिश भएका देहायका विधेयकहरुका विषयमा कार्यपालिकाका सदस्य र स्थानीय सरोकारबालाबाट प्राप्त सुझाव समेत समावेश गरी स्वीकृत गर्न नगरसभा समक्ष सिफारिश भएकोमा सभाबाट स्वीकृत गरियो ।

- स्थानीय बन ऐन, २०७९
- शिक्षा ऐन, २०७६ (प्रथम संसोधन) २०७९

७। देबचुली नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ अनुसार अस्पतालको प्रस्ताव भएको देहाय बमोजिम दरबन्दी स्वीकृत गर्ने प्रस्ताव नगरसभामा पेश भएकोमा नगरसभाबाट स्वीकृत गरियो । साथै उक्त दरबन्दी किताव दर्ताका लागि सम्बन्धित निकायमा पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय पनि गरियो ।

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | प्रस्तावित दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १। | मेडिकल जनरलिस्ट | ९ / १० | स्वास्थ्य | मेडिकल जनरलिस्ट | १ | |
| २। | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | २ | |
| ३। | स्टाफ नर्स * | ५/६/७ | स्वास्थ्य | जनरल नर्सिंग/क.न. | ६ | * |
| ४। | हेल्थ असिस्टेन्ट ** | ५/६/७ | स्वास्थ्य | हे.ई. | ५ | ** |
| ५। | ल्याब टेक्निसियन *** | ५/६/७ | स्वास्थ्य | मेडिकल ल्याब टेक्नोलोजी | २ | *** |

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६। | रेडियोग्राफर | ५/६/७ | स्वास्थ्य | रेडियोग्राफी | १ | |
| ७। | फार्मेसी सहायक | ५/६/७ | स्वास्थ्य | फार्मेसी | १ | |
| ८। | डेन्टल हाइजिनिष्ट | ४/५/६ | स्वास्थ्य | डेन्टिट्री | १ | |
| ९। | कविराज (आयुर्वेद सहायक) | ५/६/७ | स्वास्थ्य | आयुर्वेद | १ | |
| १०। | एनेस्थेटिक सहायक | ५/६/७ | स्वास्थ्य | बिबिध | १ | |
| ११। | अपथाल्मिक सहायक | ५/६/७ | स्वास्थ्य | बिबिध | १ | |
| १२। | नायब सुब्बा | रा.प.अन.प्र. | स्वास्थ्य | सा.प्रशासन | १ | |
| १३। | कार्यालय सहयोगी | बिहिन | प्रशासन | सा.प्रशासन | ४ | |
| १४। | सरसफाईकर्मी | बिहिन | प्रशासन | सा.प्रशासन | ३ | |
| जम्मा | | | | | ३० | |

*, **, ***: अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधिमा उल्लेख भए बमोजिम हुने।

८। विविध :

१। देवचुली नगरपालिका भित्रको पर्यटन गतिविधिलाई समन्वय, सहजीकरण गरी पर्यटन प्रवर्द्धनका कामहरु गर्न देहाय बमोजिम नगरस्तरीय पर्यटन समिति गठन गर्ने प्रस्ताव नगरसभाबाट स्वीकृत गरियो।

नगरप्रमुख–संयोजक
नगर उपप्रमुख–उप संयोजक
प्रमुख प्रशासकिय अधिकृत–सदस्य
वडा नं. ६, १२ र १७ का वडाध्यक्ष– सदस्य
देवचुली उद्योग वाणिज्य संघबाट एक जना– सदस्य
पर्यटन व्यवसायी (होमस्टे र होटल व्यवसायी बाट १/१ जना) – सदस्य
आर्थिक विकास शाखा प्रमुख–सदस्य सचिव

२। देवचुली नगरपालिका भित्रको पर्यटकीय तथा कृषि, सिंचाई समेतको हिसावले महत्वपूर्ण रहेका नगरपालिकाका वडा नं. ९ को घुमाउरे पोखरी, वडा नं. १ शनिश्चरे ताल र वडा नं १३ को वनबाटिका पार्कलाई बहुवर्षिय योजनाको रुपमा समावेश गरी रकम विनियोजन गरिदिन राष्ट्रिय योजना आयोग, भौतिक पूर्वाधार मन्त्रालय र गण्डकी प्रदेश उद्योग, वन तथा पर्यटन मन्त्रालयमा सिफारिश गर्ने प्रस्ताव नगरसभाबाट स्वीकृत गरियो।

३। देवचुली नगरपालिका भित्र उत्पादन हुने कृषि उत्पादनलाई प्रवर्द्धन गर्न नगरपालिकाले संचालन गर्ने विभिन्न कार्यक्रममा स्थानीय उत्पादन मात्र वितरण गर्ने व्यवस्था मिलाउने। साथै



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

नगरपालिका कार्यालय र नगरपालिकामा विभिन्न क्षेत्रबाट आउने अतिथिहरुलाई उपहारको रुपमा स्थानीय उत्पादन दिने गरी सबै संघसंस्थाहरुलाई आव्हान गर्ने प्रस्ताव नगरसभाबाट स्वीकृत गरियो,

४। स्थानीय न्यायिक समिति अन्तर्गत ४८ घंटा अवधिको आधारभुत तालिम प्राप्त सामुदायिक मेलमिलापकर्ताहरुलाई सुचिकृत गर्न नगरसभा समक्ष सिफारिश भएकोमा सिफारिश भएका मेलमिलापकर्ताहरुलाई सुचीकृत गर्ने निर्णय गरियो,

५। नगरपालिकामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राखी नगरपालिकाको काम प्रति अझ बढी जिम्मेवार बनाउन कार्यसम्पादनमा आधारित प्रोत्साहन/भत्ता तथा पुरस्कार व्यवस्था लागु गर्न बैज्ञानिक मापदण्ड बनाउन कार्यालयलाई निर्देशन दिने गरी प्रस्ताव सभामा पेश भएकोमा उक्त प्रस्ताव स्वीकृत गरियो,

६। नगरपालिका भित्रका सबैभन्दा बढी कर तिर्ने करदाता, समयमै गुणस्तरीय काम गर्ने उपभोक्ता समिति, उत्कृष्ट कृषक, नगरपालिकालाई जग्गा दान गर्ने जग्गा दातालाई सम्मान गर्न कार्यविधि बनाई लागु गर्न कार्यालयलाई निर्देशन दिने गरी प्रस्ताव सभामा पेश भएकोमा उक्त प्रस्ताव स्वीकृत गरियो,

७। नगरपालिकाको विद्यमान कार्यबोझलाई मध्यनजर गरी यस अगाडी कार्यपालिकाबाट सिर्जना भएको आर्किटेक्ट इन्जिनियरको सट्टा सिभिल इन्जिनियर पद कायम गरी करार सेवामा पुर्ति गर्ने गरी सभामा प्रस्ताव पेश भएकोमा उक्त प्रस्ताव स्वीकृत गरियो,

८। स्थानीय राजश्व परामर्श समितिको सिफारिश अनुसार आगामी आर्थिक बर्ष २०८०/०८१ का लागि रु.३ करोड ३० लाख आन्तरिक आय प्रक्षेपण गरी स्वीकृतिका लागि नगरसभामा पेश भएकोमा उक्त प्रस्ताव स्वीकृत गरियो ।

९। देवचुली नगरपालिका कार्यालयको स्वीकृत दरवन्दी संरचना अनुसार प्रशासन सेवा तर्फ सहायक पाचौ र सहायक चौथो पदमा पदपूर्ति नभएका कारण वडा कार्यालयको सेवा प्रवाहमा कठिनाई भएकोले संघीय तथा प्रदेश लोकसेवा आयोगबाट उक्त पदहरुमा प्रकाशित लिखित परीक्षाको नतिजामा अस्थायी सुची वा बैकल्पिक सुचीमा रहेका मध्येबाट करारमा लिई सेवा प्रवाहलाई सहजीकरण गर्न कार्यालयलाई अनुमति दिने प्रस्ताव नगरसभामा पेश भएकोमा उक्त प्रस्ताव स्वीकृत गरियो,

१०।मिति २०७९ श्रावण १ गते देखि २०७९ पौष सम्म नगर कार्यपालिका, न्यायिक समिति तथा विभिन्न विषयगत समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने प्रस्ताव सभामा पेश भएकोमा उक्त प्रस्ताव स्वीकृत गरियो,

११।देबचुली नगरपालिका कार्यालयको आ.व. २०७६/०७७ को ठेक्का नं. DEV/NCB/Works/25/076/077 भाटभटेनी चोक देखि बाह्कोल बेलस्वारा सडक निर्माण कार्यको मिति २०७७/१०/५ गते र मिति २०७८/११/१ गते भएको भेरिएसन अर्डरलाई समर्थन गर्ने ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

दोस्रो नगर सभाको दोस्रो अधिवेशन हिउदे अधिवेशनबाट वडा हरुमा विनियोजित भएका थप बजेट रकमको विवरण ।
निर्णय नं. २ अनुसार

| सि न | वडा नं. | योजनाको नाम | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १ | वडा न १ भित्र ग्राविल | २००००० | |
| | | विधुत तार पोल बोटे गाउमा बाटो विस्तार गर्दा तार तथा पोल व्यवस्थापन | १५०००० | |
| २ | २ | पशुपति टोल बाटो स्तर उन्नतीमा थप | २००००० | |
| | | वडाको आवश्यक ठाउमा बाटो ग्राविल्डि | १५०००० | |
| ३ | ३ | सहकारी मार्गमा नाला तथा बाटो स्तर उन्नती | ३५०००० | |
| ४ | ४ | कवर्ड हल निर्माण | २००००० | |
| | | वडा नं. ४ को बाटो स्तर उन्नती | १५०००० | |
| ५ | ५ | सकला मार्ग बाटो स्तर उन्नती | ३५०००० | |
| ६ | ६ | वाल किरण प्रा.वि.को अधुरो योजना | १०५००० | |
| | | नेपाल शारदा आ.वि. को अधुरो योजना | १४५००० | |
| | | नेपाल शारदा आ.वि.मा तटबन्धन तथा बाटो फिलिङ | १००००० | |
| ७ | ७ | विपन्न घर निर्माण तथा मर्मत सम्भार | ३५०००० | |
| ८ | ८ | देवचुली खानेपानी ख व्यवस्थापन | १००००० | |
| | | माहाराजा बाटो स्तर उन्नती | ५०००० | |
| | | टोक्रे नहर ६ नं. शाखा पक्की निर्माण | २००००० | |
| ९ | ९ | बडका चोक देखि च्याङवा चोक सम्म बाटो स्तरउन्नती | २००००० | |
| | | डाडा मन्दिर पछाडी कुलोमा स्ल्याप | ५०००० | |
| | | बुद्ध आलेको घर अगाडी बाटो मर्मत | १००००० | |
| १० | १० | देवचुली १० सिमाना भित्र पर्ने आवश्यक स्थानमा पुर्वाधार निर्माण कार्य | ३५०००० | |
| ११ | ११ | प्रगतिनगर स्वास्थय चौकीको पश्चिम साइडमा ट्रस निर्माण तथा गर्भवती महिला चेक जाच कक्षमा वाल निर्माण | २५०००० | |
| | | प्रगतिनगर स्वास्थय चौकीको बाटो साइडको सटर हटाइ वाल लगाउने | १००००० | |
| १२ | १२ | १२ नं. वडा कार्यालय मर्मत तथा पुर्ननिर्माण | ३५०००० | |
| १३ | १३ | दलदले देखि खेल मैदान जाने बाटोमा थप | १५०००० | |
| | | पुरानो राजमार्ग स्तर उन्नतीमा थप | १००००० | |
| | | सिर्जनशिल आमा समुहमा भवन मर्मत तथा योग | ५०००० | |

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १४ | १४ | भाग्यपुरी मार्ग स्तर उन्नती | ५०००० | |
| | | वाल्मीकी टोल क्रियापुत्री भवन विविध | ५०००० | |
| | | वडा न १४ को भित्री बाटोहरु पशुपती मार्ग ,सहमती मार्ग सुनगाभा मार्ग, विहानी मार्ग ,भेटघाट मार्ग, सारथी मार्ग र गोर्खाली मार्ग | २५०००० | |
| १५ | १५ | कामना चोकमा कल्भर्ट निर्माण | ६०००० | |
| | | स्वास्थ्य केन्द्र जाने बाटोमा कर्भर्ट निर्माण | ४०००० | |
| | | सालघारी टोलमा बोरीङ अधुरो कार्य सम्पन्न गर्न | १००००० | |
| | | विनायक मार्ग रहेको बोरीङको अधुरो कार्य सम्पन्न गर्न | ५०००० | |
| | | चौर फाँटको लागी बोरीङ निर्मारण सम्पन्न गर्न | ५०००० | |
| | | गौरी शंकर टोलमा वोरीङ निर्माण सम्पन्न गर्न | ५०००० | |
| १६ | १६ | आपचौर टोलको शिवालय मन्दिरनेरको कल्भर्ट निर्माण | ४००००० | |
| | | रजहर आर्युर्वेदको नपुग भागमा मोजायक टायल लगाउने | ५०००० | |
| | | सिर्जनशिल आमा समुह समान खरिद | ५०००० | |
| १७ | १७ | सि.न. ६१६ भैपरी आउने तथा विविध शिर्पकमा थप रकम | ५००००० | |

१२। व्यक्तिको निजी स्वामित्वको जग्गामा रहेको माटो, ढुङ्गा, मिस्कट आदि निकाली उक्त जग्गालाई आवास योग्य बनाउन, खेतीयोग्य बनाउन वा कुनै उद्योग स्थापना गर्न जग्गाधनीले जग्गा सम्याउन अनुमति माग गरेमा नगरपालिकाको प्राविधिकले फिल्ड निरीक्षण गरी दैनिक ५० घनमिटर भन्दा कम उत्खनन् हुने अवस्थामा नगरपालिकाको प्राविधिकले गरेको मुल्याङ्कनको आधारमा उत्खनन् हुने माटो, ढुङ्गा, मिस्कट आदिको परिमाण एकिन गरी सोही अनुसार राजश्व लिई उत्खनन गरी निकासी गर्न अनुमति दिन कार्यालयलाई निर्देशन दिने,

हरिप्रसाद क्योपाने
नगर प्रमुख

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner